नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(स्थानीय [illegible] शाखा)

पत्र संख्या : ०७७/०७८

चलानी नं. : ५६८

मितिः २०७७।०३।०७

श्री प्रमुख प्रशासकीय अधिकृत (गाउँपालिका तथा नगरपालिका सबै)।

विषयः स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावलीको तेस्रो संशोधन सम्बन्धमा।

नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७७।०३।०२ मा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली २०७६ मा तेस्रो संशोधन (संशोधित नियमावलीको प्रति संलग्न छ) भएको छ। नियमावलीमा भएको उक्त संशोधन बमोजिम त्यस गाउँपालिका तथा नगरपालिकामा स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत विनियोजन भएको रकम मध्ये खर्च नभई वचत रहेको रकम कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारमा खर्च गर्ने गरी निर्देशक समितिका सदस्यहरुको परामर्शमा संयोजकले देहाय बमोजिमको प्रकृयाबाट उपलब्ध गराउने व्यवस्था मिलाउनु हुन अनुरोध गर्दछुः

१. प्रमुख प्रशासकीय अधिकृतले कार्यक्रम अन्तर्गत आफ्नो गाउँपालिका तथा नगरपालिकामा विनियोजन भएको रकम मध्ये वचत हुने रकम एकीन गरी कार्यक्रम निर्देशक समितिका संयोजक र जिल्ला समन्वय समितिलाई जानकारी गराउने।

२. बुंदा नं १ बमोजिम वचत हुने रकम एकीन गर्दा खरिद प्रकृयामा नै नगई बाँकी रहेको रकम, ठेक्का व्यवस्थापन गर्दा वचत हुन गएको रकम र निर्माण व्यवसायी तथा उपभोक्ता समितिसँग भएको सम्झौता बमोजिमको कामको फरफारक गर्दा खर्च हुन नसकी बाँकी रहेको रकम समावेश गर्ने।

३. कार्यक्रम निर्देशक समितिका संयोजकले निर्देशक समितिका अन्य सदस्यहरुसँग समन्वय गरी कोभिड १९ को रोकथाम, नियन्त्रण, निदान र उपचारको लागि गर्नुपर्ने क्रियाकलाप र उपलब्ध हुने बजेट उल्लेख गरी सम्बन्धित गाउँपालिका तथा नगरपालिका र जिल्ला समन्वय समितिलाई लिखित रुपमा जानकारी दिने।

४. बुंदा नं ३ बमोजिमको कार्य २०७७।०३।१५ गते भित्र सम्पन्न गरिसक्नु पर्ने।

५. यस प्रावधान बमोजिम उपलब्ध भएको रकम गाउँपालिका तथा नगरपालिकाले कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारको लागि प्रचलित कानून बमोजिम खर्च गर्ने लेखा राख्ने तथा लेखा परीक्षण गराउने लगायतका कार्य गर्नु पर्ने।

(बसन्त अधिकारी)
सह सचिव

बोधार्थः

श्री जिल्ला समन्वय समितिको कार्यालय, (सबै):

१. कार्यक्रम निर्देशक समितिका संयोजक तथा सदस्यज्यूहरुलाई जानकारी गराई दिनु हुन।

२. उपर्युक्तानुसारको प्रावधान बमोजिम कोभिड १९ को व्यवस्थापनको लागि विनियोजित भएको रकमको विवरण स्थानीय तहगत रुपमा तयार गरी असार १८ गते भित्र यस मन्त्रालय (cmmofald@gmail.com) मा उपलब्ध गराई दिनु हुन।

श्री अध्यक्ष।प्रमुखज्यूहरुः गाउँपालिका। नगरपालिका (सबै): आवश्यक समन्वय र सहजीकरणको लागि।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको

सूचना

<u>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि)(तेस्रो संशोधन) नियमावली, २०७७</u>

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ को दफा ६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>:(१) यी नियमहरुको नाम "स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि)(तेस्रो संशोधन) नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ को नियम १३ मा संशोधन</u>: स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ को नियम १३ को उपनियम (३) पछि देहायका उपनियम (४) र (५) थपिएका छन् :-

"(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय तहले कार्यक्रम कार्यान्वयन गर्दा कुनै आयोजनाको लागि आर्थिक बर्ष २०७६/२०७७ मा छुट्याइएको रकम खर्च नभई वचत हुन गएमा त्यस्तो वचत रकम संयोजकले निर्देशक समितिको अन्य सदस्यसँग परामर्श गरी सम्बन्धित स्थानीय तहमा रहेको कोभिड-१९ को व्यवस्थापनको लागि खोलिएको खातामा सम्वत् २०७७ साल असार पन्ध्र गतेसम्म जम्मा गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम प्राप्त रकम स्थानीय तहले कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारको काममा मात्र प्रचलित कानून बमोजिम खर्च गर्नु पर्नेछ।"

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं